31 July 2024

National News

<u>मुख्य समाचार</u>

- केरलको वायनाड पहिरोमा परी मृत्यु हुनेको संख्या बढेर 165 पुग्यो
- केरल सरकारलाई भारी वर्षा र पहिरोको चेतावनी अघिबाटै दिइएको श्री शाहले बताउनुभयो
- बजेटले वृद्धि, रोजगारी, कल्याण, पूँजी लगानी र वित्तीय सुदृढीकरण माझ सन्तुलन कायम गरेको वित्तमन्त्रीको भनाई
- सिक्किम, पञ्जाब, मणिपुर, झारखण्ड अनि राजस्थानका राज्यपालहरूको शपथ ग्रहण सम्पन्न
- पेरिस ओलम्पिकमा भारतीय खेलाडीहरूको असल प्रदर्शन जारी
- 8 स्वर्ण पदकसहित चीन पेरिस ओलम्पिकको पदक तालिकाको शीर्षमा

<u>वायनाड- पहिरो</u>

केरलको वायनाड जिल्लाको पहिरोमा परी मृत्यु हुनेको संख्या बढेर 165 पुगेको छ । यो संख्या अझै बढ्ने सम्भावना छ । सेना, नौसेना, वायुसेना, एनडीआरएफ र अन्य एजेन्सीहरूले प्रभावित क्षेत्रमा व्यापक राहत तथा उद्धार कार्य गरिरहेका छन्।

धेरै मानिसहरु पहिरोमा पुरिएको आशंका गरिएको छ भने शवहरू बाहिर निकाल्ने काम भइरहेको छ । पहिरोमा फसेका मानिसहरुको खोजीका लागि सुरक्षा बल तैनाथ गरिएको छ । सशस्त्र बलले गए राति पहिरो प्रभावित क्षेत्रबाट ७० जनाको शव निकाल्नका साथै लगभग एक हजार जनाको उद्धार गरेका छन् । यसैबीच, केरलका राज्यपाल श्री आरिफ मोहम्मद खान अनि गोवाका राज्यपाल श्री पीएस धरन पिल्लईले आज वायनाडको भ्रमण गर्नुभयो।

<u>राज्य सभा-वायनाड</u>

गृहमन्त्री श्री अमित शाहले भन्नुभएको छ, केरल सरकारलाई 23 तारिख र त्यसपछि यसै महिनाको 24 र 25 तारिक वायनाडमा मुसलधारे वर्षा र पहिरोको चेतावनी दिइएको थियो। वायनाडको विनाशमाथि आज राज्यसभामा ध्यानाकर्षण प्रस्तावको क्रममा हस्तक्षेप गर्दै, गृहमन्त्रीले भन्नुभयो, 26 जुलाईमा अत्यधिक वर्षा, पहिरो, र ज्यानमालको सम्भावित क्षतिलाई सङ्केत गर्दै अर्को चेतावनी जारी गरिएको थियो।

उहाँले भन्नुभयो, राष्ट्रिय आपदा मोचन बलको नौ टोली पहिले नै केरल पठाइएको थियो, तर राज्य सरकारले फसेका मानिसहरूलाई समयमै उद्धार गरेन। गृहमन्त्रीले भन्नुभयो, यदि राज्य

सरकारले एनडीआरएफ टोलीको आगमन पछि सावधानी अपनाएको भए वायनाडमा भएको क्षतिलाई कम गर्न सकिने थियो। श्री शाहले भन्नुभयो, भारत प्राकृतिक प्रकोप बारे सात दिन अग्रिम चेतावनी जारी गर्न सक्षम चार देशहरू मध्ये एक हो। उहाँले भन्नुभयो, ओडिशा र गुजरात लगायत धेरै राज्यहरूले केन्द्रको प्रारम्भिक चेतावनी प्रणाली प्रयोग गरेर प्रकोपबाट सम्भावित क्षतिलाई कम गरेका छन्। गृहमन्त्रीले भन्नुभयो, नरेन्द्र मोदी सरकार वायनाड त्रासदीको सामना गर्न केरल सरकार र राज्यका जनतासँग चट्टान जस्तै खडा छ।
गृह राज्यमन्त्री श्री नित्यानन्द रायले घटनापछि केन्द्रले राज्यलाई सम्भव भए जति सबै सहयोग उपलब्ध गराएको सदनलाई जानकारी दिनु भयो।

राज्यसभा - वित्त मंत्री

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले भन्नुभएको छ, बजेटले वृद्धि, रोजगारी, कल्याण, पूँजी लगानी र वित्तीय सुदृढीकरण जस्ता प्राथमिकताहरू माझ राम्रो सन्तुलन कायम गरेको छ । उहाँले आज राज्यसभामा बजेटमाथि भएको चर्चाको उत्तर दिँदै सरकारले सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास जस्ता आदर्श वाक्यमा विश्वास गरेको बताउनु भयो । वित्तमन्त्रीले बजेटले सहकारी संघवादलाई अटुट सहयोगको प्रस्ताव अघि सारेको बताउनु भयो। कृषि क्षेत्रमा कटौती गरिएको विपक्षीले लगाएको आरोपको उहाँले खण्डन गर्नुभयो । श्रीमती सीतारमणले भन्नुभयो, बजेटमा शिक्षा, रोजगारी र कौशलका लागि १ लाख ४८ हजार करोड रुपियाँ विनियोजन गरिएको छ।

लोकसभा-वायुयान विधेयक

केन्द्रीय नागरिक उड्डयन मन्त्री श्री किञ्जरापु राममोहन नायडूले आज लोकसभामा भारतीय वायुयान विधेयक २०२४ प्रस्तुत गर्नुभयो। विधेयक प्रस्तुत गर्दै मन्त्रीले विमान ऐन सन् १९३४ मा बनेको र विगतका वर्षहरूमा यसमा धेरै संशोधन भएको बताउनु भयो। संसोधनलाई टुक्रा टुक्रा गरी ऐनमा समावेश गरिएको हुनाले अन्योल सिर्जना भएको उहाँको भनाइ थियो । अन्योल हटाउन भारतीय वायुयान विधेयक ल्याइएको उहाँले बताउनु भयो ।

राज्यपाल शपथ

श्री ओमप्रकाश माथुरले आज सिक्किमका नयाँ राज्यपालका रूपमा शपथ ग्रहण गर्नुभयो। गान्तोक राजभवनमा आयोजित शपथ ग्रहण समारोहमा सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति विश्वनाथ सोमद्दरले श्री माथुरलाई पद तथा गोपनियताको शपथ ग्रहण गराउनु भयो।

सोही प्रकारले श्री गुलाब चन्द कटारियाले आज पञ्जाब राजभवनमा पञ्जाबका नयाँ राज्यपाल र चण्डीगढका प्रशासकका रूपमा शपथ ग्रहण गर्नुभयो। उहाँलाई पञ्जाब अनि हरियाणा उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति शील नागुले शपथ ग्रहण गराउनु भएको थियो।

यसरी नै श्री लक्ष्मणप्रसाद आचार्यले आज मणिपुरको राज्यपालका रूपमा शपथ ग्रहण गर्नुभएको छ। आज बिहान इम्फाल राजभवनमा सम्पन्न शपथ ग्रहण समारोहमा मणिपुर उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति सिद्धार्थ मृदुलले शपथ ग्रहण गराउनु भयो। स्मरण रहोस्, श्री आचार्यले हिजो असमका राज्यपालका रूपमा शपथ ग्रहण गर्नुभएको थियो।

सोही प्रकारले पूर्व केन्द्रीय मन्त्री श्री सन्तोष कुमार गंगवारले आज झारखण्डका नयाँ राज्यपालको रूपमा शपथ ग्रहण गर्नुभयो। झारखण्ड उच्च न्यायालयका कार्यवाहक मुख्य न्यायाधीश न्यायमूर्ति सुजित नारायण प्रसादले राँची राजभवनमा उहाँलाई शपथ ग्रहण गराउनु भयो।

यसरी नै राजस्थानका नवनियुक्त राज्यपाल श्री हरीभाऊ किसनराव बागड़ेले पनि आज दिउँसो राजभवनमा शपथ ग्रहण गर्नुभयो। उहाँलाई राजस्थानका मुख्य न्यायाधीश न्यायमूर्ति महिन्द्रा मोहन श्रीवास्तवले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।

ओलम्पिक भारत

पेरिस ओलिम्पिकको आज पाँचौ दिन भारतीय खेलाडीहरूले बक्सिङ, आर्चेरी, ब्याडमिन्टन र सुटिङ्मा स्पर्धा गरिरहेका छन्।

टोक्यो ओलिम्पिकमा काँस्य पदक विजेता बक्सर लवलीना बोर्गोहाइनले आज महिला बक्सिङको 75 किलो वर्ग स्पर्धाको क्वाटर फाइनलमा प्रवेश गरिन्। उनले पहिलो चरणमा नर्वेकी सुन्नीभा हफ्सटाडलाई पराजित गरेर आफ्नो विजय यात्राको थालनी गरेकी हुन्।

ब्याडमिन्टनमा पीभी सिन्धु र लक्ष्य सेन दुवैले अघिल्लो चरणमा प्रवेश गरेका छन्।

सुटिङ्मा, स्वप्रिल कुसले ५९० अंकका साथ सातौं स्थानमा रहेर पुरुष ५० मिटर राइफल थ्री पोजिसनको फाइनलमा प्रवेश गरे।

टेबलटेनिसमा श्रीजा अकुला अघिल्लो चरणमा पुगेकी छन्।

महिला व्यक्तिगत आर्चेरीमा भारतकी दीपिका कुमारीले पहिला इन्टोनियाकी रीना पारनातलाई अनि दोस्रो चरणमा निदरल्याण्डकी कुइनटी रियोफेनलाई पराजित गरेर तेस्रो चरणमा प्रवेश गरेकी छन्।

स्मरण रहोस्, पेरिस ओलम्पिकमा भारतले अहिलेसम्ममा दुई काँस्य पदक जितिसकेको छ। भारतले दुवै पदक सुटिङ्मा जितेको हो।

<u>ओलम्पिक पदक तालिका</u>

पेरिस ओलम्पिकमा 8 स्वर्ण पदकसहित चीन पदक तालिकामा शीर्षमा रहेको छ। चीनले अहिलेसम्ममा 8 स्वर्ण, 6 रजत अनि 2 काँस्य गरी कुल 16 पदक जितिसकेको छ।

पदक तालिकामा दोस्रो स्थानमा रहेको जापानले 7 स्वर्ण, 2 रजत अनि 4 काँस्य गरी कूल 13 पदक जितेको छ।

तेस्रो स्थानमा रहेको आयोजक फ्रान्सले 6 स्वर्ण, 9 रजत अनि 5 काँस्य गरी 20 पदक जितेको छ।

6 स्वर्ण, 5 रजत र  5 काँस्य गरी कूल 16 पदक जितेर ग्रेट ब्रिटेन चौथो स्थानमा रहेको छ भने 6 स्वर्ण, 4 रजत र 2 काँस्यसहित कूल 12 पदक जितेर अस्ट्रेलिया पाँचौं स्थानमा रहेको छ।

पदक तालिकामा 35 औं स्थानमा रहेको भारतले अहिलेसम्ममा 2 कास्य पदक जितेको छ।